प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङ
कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३ (आपूर्ति)
चलानी नं.:

अध्यक्ष

मिति : २०८२/१२/११

**जिल्ला वन पैदावार आपूर्ति समितिबाट सहुलियत दरमा काठ/दाउरा उपलब्ध गराउने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङको आ.व.२०८२/०८३ को स्विकृत वार्षिक कार्ययोजना बमोजिम निम्न क्षेत्र र प्रयोजनका लागि यस समितिबाट सहुलियत दरमा साल चिरान काठ उपलब्ध गराइने मिति २०८२/१२/१० गते समितिबाट निर्णय भएको हुदाँ सम्बन्धीत क्षेत्रका घरकाजका रुपमा घर निर्माण र मर्मत गर्ने ईच्छुक सरोकारवालाहरुले मिति २०८३/०१/१५ गते सम्म तपसिल अनुसारका कागजात संलग्न राखी तोकिएको समयावधि भित्र निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | काठ दाउरा वितरण प्रयोजन | कार्यक्षेत्र | समयावधि |
|---|---|---|---|
| १ | घरकाजको रुपमा घर निर्माण | विराटनगर म.न.पा, बुढिगंगा गा.पा, सुन्दरहरैचा न.पा. ३,४,५,६र७ ग्रामथान गा.पा. १,२, कटहरी गा.पा. १,२,३, ५ र जहदाँ गा.पा. १,३ | **२०८२चैत्र ११ गते देखि २०८३/०१/१५ गते सम्म** |
| २ | घरकाजको रुपमा घर मर्मत सम्भार | विराटनगर म.न.पा, बुढिगंगा गा.पा, सुन्दरहरैचा न.पा. ३,४,५,६र७ ग्रामथान गा.पा. १,२, कटहरी गा.पा. १,२,३, ५ र जहदाँ गा.पा. १,३ | **२०८२चैत्र ११ गते देखि २०८३/०१/१५ गते सम्म** |

## ख. घरकाजको रुपमा घर निर्माण/मर्मत

घरकाज निर्माणका लागि एक परिवारलाई आवश्यकता हेरी कार्ययोजनाले तोकेको स्थानीय तह र सो मातहतका वडामा बसोबास गर्ने उपभोक्ताले तोकेको म्याद भित्र निम्न कागजात सहित निवेदन पेश गरेमा पक्की नयाँ घर निर्माण वा मर्मतको लागि काठ उपलब्ध गराउन सकिने छ । सम्बन्धित ब्यक्तिले तपशिल बमोजिमका कागजात संलग्न राखी यस समितिमा निबेदन दिएपछि समितिले आवश्यक प्रक्रिया पुरा गरी यसमा उल्लेखित परिमाणको काठ उपलब्ध गराउने छ ।

- घर बनाउने जग्गाको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि
- चालु आ.ब.मा मालपोत तिरेको रसिदको प्रतिलिपी
- सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस
- नागरिकताको प्रतिलिपी
- स्थानीयबाट स्विकृत नक्सा, निर्माण इजाजत र नक्सापास भएको पत्रको प्रमाणित प्रतिलिपि
- सम्बन्धित ब्यक्तिको निबेदन ( रू.१०/- को टिकट साथ)

घर निर्माण वा मर्मत प्रयोजनका लागि एकपटक काठ दिईसकेपछि सोही ठाउँमा पुनः नयाँ घर निर्माण वा तला थप गर्न निज निवेदकलाई पाँच बर्षसम्म काठ दिईने छैन ।